जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ४१, २०८२ जेठ ८ गते विहीबार, 22 May 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

२६३ पालिकामा मात्रै लापा कार्ययोजना

○ सहीखबर संवाददाता

मकवानपुर । सरकारले पाँच वर्षअघि सुरू गरेको स्थानीय तहस्तरीय अनुकूलन कार्ययोजना (लापा) को तर्जुमा र कार्यान्वयन कमजोर देखिएको छ।

कुल ७५३ स्थानीय तह मध्ये हालसम्म करिब एक तिहाइले मात्र मात्रै अनुकूलन योजना तयार गरेर कार्यान्वयन गरेको महालेखापरीक्षकको कार्यालयले गत साता सार्वजनिक गरेको ६३ औं वार्षिक प्रतिवेदनमा उल्लेख छ। वन तथा वातावरण मन्त्रालयले ०७६ सालमा स्थानीय अनुकूलनको राष्ट्रिय खाका (परिमार्जित) तयार गरेर पालिकाहरुलाई कार्यादेश दिएको थियो ।

मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका सहसचिव महेश्वर ढकालले जलवायु परिवर्तन प्रभाव र अनुकूलन सम्बन्धी स्थानीयस्तरमा बुझाउन नसक्दा अपेक्षित प्रगति हुन नसकेको बताए । 'पहिलो त ०७४ सालदेखि लागु भएको तीन तह सरकार संरचनाको अभ्यासमा नै समयमा लाग्यो, कतिपय अवस्थामा हामीले (केन्द्रबाट) बुझाउन सकेनौं, स्थानीय तहले पनि बुझ्न नचाहेको पनि होला,' उनले भने, 'एक अर्कालाई दोषारोपण गर्नुभन्दा पनि जलवायु अनुकूलनको लाभान्वित प्रत्यक्ष जोडिने भनेकै स्थानीय तह भएकाले १६ औं पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा सबै स्थानीय तहमा लापा बनाउने लक्ष्य बनाएका छौं ।'

गत वर्षसम्म ६५० स्थानीय तहमा जलवायु परिवर्तन अनुकूलन योजना तयारी र कार्यान्वयन गर्ने लक्ष्य राखिएको थियो । तर, हालसम्म २६३ स्थानीयले तहले मात्रै योजना बनाएर लागु गरेका महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । गतबर्ष २२ वटा स्थानीय तहले मात्रै अनुकूलन कार्ययोजना तयार गरेर कार्यान्वयनमा ल्याएका छन् । आव ०७९/८० मा त एउटा पनि कार्ययोजना बन्न बनेनन् ।

वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन अनुसार आव ०७९/८० मा ६०० स्थानीय तहमा अनुकूलन योजना बनाउने लक्ष्य राखिएकोमा २४१ वटाले मात्र अनुकूलन योजना बनाएका थिए । त्यस्तै ०७८/७९ मा ५५० स्थानीय तहमा अनुकूलन योजना बनाउने राखिएको भए पनि २४१ ले मात्रै बनाएर लागु गरेका थिए । आव ०७६/०७७ मा २८० वटा स्थानीय तहको अनुकूलन योजना लक्ष्य राखिएकोमा २१९ वटाले तयार गरेर कार्यान्वयनमा ल्याएका थिए ।

मन्त्रालयले आफैले पनि अनुकूलनका कार्यहरु मुख्यत: बाह्य स्रोतमा निर्भर परियोजनाको रुपमा कार्यान्वयन हुने र स्थानीय सरकारका विकास योजनाहरुमा एकीकृत नहुने गरेका जलवायु परिवर्तनको मुद्दा स्थानीय सरकारका लागि कम चासोको विषय बनेको कमजोरी पहिल्याएको छ ।

यसै गरी अनुकूलन कार्ययोजनाको तर्जुमा तथा स्रोतको परिचालन सम्बन्धी निर्णय प्रक्रियामा बढी जसो शिक्षित, पुरूष र पहुँचवाला समूहको प्रभाव रहने गरेका कारण महिला तथा संकटासन्न घरधुरीहरुले स्थानीय अनुकूलन कार्यक्रमबाट अपेक्षित लाभ प्राप्त गर्न सकेका छैनन् ।

मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका सहसचिव ढकालले पनि अहिलेसम्म जलवायु सम्बन्धी कार्यक्रम, योजना तथा परियोजना चलेका स्थानीय तहले मात्रै अनुकूलन योजना बनाएको स्विकारेका छन् ।

जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका *बाँकी पेज ४ मा*

भासिदै सडकहरु

○ सरिता दाहाल

मकवानपुर । सवारी र राजमार्गहरू जीवनका आधार हुन्, राजमार्ग जोड्ने पुलहरू, जीवन यात्राका पनि पुल हुन् । कतै प्राकृतिक त कतै मानवीय कारण राजमार्ग र पुलहरूमा क्षति हुँदा मानवीय तथा भौतिक क्षति पनि बढ्दो छ ।

त्रिभुवन राजपथ अन्तरगतको हेटौंडा भैसे सडक खण्ड अन्तरगत चौकिटोलको सडक भासिएपछि अहिले मर्मत गरिदै छ । साँघुरो सडक मर्मत हुँदै गर्दा र डाइभर्सन गर्ने विकल्प समेत हुँदा सवारी सञ्चालनमा कठिनायी भएको छ ।

२०८२ बैशाख २९ पूर्व पश्चिम राजमार्गअन्तर्गत नवलपुरको चोरमारामा रहेको गिरूवारी खोलाको पुल भाँचिएपछि अहिले राजमार्ग डाइभर्सन गरिएको छ । राजमार्गको भारवहन क्षमताभन्दा बढी वजनका सवारी गड्दा पुल भाँचिएको हो । घटनापछि डाइभर्सन निर्माण नहुञ्जेल झण्डै ५६ घण्टा पूर्व(पश्चिम राजमार्ग नै अवरूद्ध भएको थियो । यसअघि २०७९ साल असारमा पनि ओभरलोडकै कारण यो पुलको बीच भाग चर्किएको थियो।

२०८२ वैशाख २९ मै इलामको फिक्कल नयाँ बजार सडक खण्डमा पर्ने मयुँ खोलाको पुल भाँचिएपछि अहिले पनि यातायात सञ्चालनमा समस्या भएको छ ।

२०८१ पुस २६, पूर्वी नवलपरासीमा रहेका विनयी खोलाको दुम्कीबासमा पुल भाँचियो । पुल भाँचिएपछि पूर्व(पश्चिम राजमार्ग सवारी सञ्चालनमा समस्या भएको छ ।

२०७६ साउन २९ मा अरूणखोला पुल, मध्यविन्दु नगरपालिका ११ (पूर्वी नवलपरासी) यस सडकखण्डको अरूणखोलामा पुल भासिएको थियो । लोकाहा खोलाको पुल, देवचुली नगरपालिका(१३ (पूर्वी नवलपरासी) २०७३ मङ्सिर २५ मा ना. ६ ख ३०१७ नम्बरको ट्रकको ठक्करबाट यो पुल भाँचिएको थियो।

यी घटना केही उदाहरणमात्रै हुन् ।

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, पुल महाशाखा, सडक विभाग पुल महाशाखाका उपमहानिर्देशक ललिजन खनालका अनुसार पुलहरू भाँचिनुको कारणहरू विभिन्न भएपनि अत्यधिक भारवहन पहिलो कारण हो ।

एक सय ढन भार क्षमता भएका गाडीमा एक सय पचास ढनसम्म बोकेर ल्याउने गरिएका उनले बताए ।

हाल नेपालको राजमार्गमा सञ्चालनमा रहेका अधिकांश पुलहरु करिब ५० वर्ष पुराना छन् । जुन तत्कालीन समयको सवारी चाप तथा भार क्षमता अनुसार निर्माण गरिएका हुन्। अहिले दैनिक हजारौं सवारीसाधन र क्षमताभन्दा बढी भार बोकेका मालवाहक गाडीहरु गुड्दा यी पुराना पुलहरुले भार थेग्न नसकेका अवस्थामा पुगेकाले समस्या भएको नेपाल यातायात राष्ट्रिय महासंघका केन्द्रीय सदस्य गोकर्ण पराजुली बताउँछन् ।

नयाँ निर्माण भएका पुलबाहेक पूर्व पश्चिम राजमार्ग निर्माणको समयमा बनेका पुलको भारवहन क्षमता अहिलेको आवश्यकताभन्दा कम छ । यस्ता पुलहरू तथा राजमार्गको क्षमता सुरक्षाको लागि नेपाल सरकारले नियम कानूनको पूर्ण पालनामा कडाइ गर्दै नयाँ बन्ने संरचनाको क्षमता उच्च राख्नुपर्ने केन्द्रीय सदस्य पराजुलीले बताए ।

किन भाँचिन्छन् पुलहरु ?

हालसम्मको घटनाहरू हेर्दा पुलहरू भाँचिएका *बाँकी पेज ३ मा*



"व्यवसायीहरुलाई पनि आफ्नो कर्तव्य पालनाको लागि अपिल गर्दछौं"
कम्पनीका कार्यकारी सञ्चालन माधव अधिकारी ।

भाँचिदै पुलहरु



गोकर्ण पराजुली
अध्यक्ष नारायणी यातायात व्यवसायी कम्पनी प्रालि, हेटौंडा मकवानपुर । केन्द्रीय सदस्य नेपाल यातायात राष्ट्रिय महासंघ।

"हालैका दिनहरुमा देशभर, विशेष गरी पूर्वपश्चिम राजमार्गमा, क्षमताभन्दा बढी भार बोकेका सवारी साधनका कारण पुल भाँचिने र राजमार्ग नै भासिने घटनाहरु बढ्दै गएको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। यसले गर्दा सार्वजनिक यातायातमा ठूलो समस्या उत्पन्न भई यात्रु तथा मालवाहक सवारी साधनहरुले अनावश्यक झन्झट भोग्नुका साथै आर्थिक क्षति समेत भइरहेको छ।

विभिन्न जिल्लाहरूमा पुलहरू भाँचिएको घटनाहरू सार्वजनिक भएपछि हामीले सरकारका निकायहरूलाई ध्यानाकर्षण पनि गरायौ । जसमा हामीले केही माग हरू राखेका छौ । हामीले सम्बन्धित निकाय, विशेषगरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभागको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं ।

पुलहरुको क्षमता वृद्धि र मर्मतसम्भार गरी देशभरका पुराना तथा जीर्ण पुलहरुको तत्काल प्राविधिक परीक्षण गरी आवश्यकता अनुसार मर्मत, स्तरोन्नति वा पुनर्निर्माण गरियोस् भन्ने माग हाम्रो हो। यसैगरी भारवहन क्षमताको कडाईका साथ पालना होस्,सवारी साधनको भारवहन क्षमताको नियमलाई कडाईका साथ लागू गरियोस् र क्षमताभन्दा बढी भार बोक्ने सवारी साधनहरुलाई दण्डित गर्ने व्यवस्था मिलाइयोस् भन्ने माग हो ।

सहकार्य गर्न तयार छौ

हाल देशभर निजि क्षेत्रबाट ११ र सरकारद्वारा ३ वटा गरि १३ वटा तौलपुल रहेपनी ती पुलहरुबाट भार बहन क्षमता नियन्त्रणमा प्रभावकारीता देखिएको छैन, यसमा कडाइ गरियोस् ।

नेपाल सरकारले पुर्णरूपमा ढुवानीमा मूल्य अभिवृद्धि कर लागू गरेपनी सो निर्णय कार्यान्वयनमा खासै प्रभावकारी देखिएको छैन, बिना म्याटमा सामन ढुवानी हुने क्रम बढ्दै गएको छ, सो कानुन कडाइका साथ लागू गरियोस् नत्र खारेजी गरियोस् । सवारी चालक र व्यवसायीहरुमा भारवहन क्षमताको पालना सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरियोस्।

हामी यस समस्याको तत्काल समाधानको लागि सरकारसँग सहकार्य गर्न पूर्ण रुपमा प्रतिबद्ध छौं। भविष्यमा यस्ता दुर्घटनाहरुबाट हुने जनधनको क्षति र यातायात अवरोधलाई कम गर्न सबै पक्षको सहयोग र समन्वय अपरिहार्य छ ।

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

चिट्ठा विधेयकमा फेरि चकचक

बागमती प्रदेश सभामा चिट्ठा विधेयकको चर्चा फेरि तातेको छ। संघीय कानुनसँग बाझिने, सम्पत्ति शुद्धीकरण जस्तो गम्भीर अपराधलाई प्रश्रय दिन सक्ने र संघ तथा प्रदेशको साझा अधिकार सूचीमा पर्ने विषय भएकाले प्रदेश प्रमुख यादवचन्द्र शर्माले विधेयकलाई पुनर्विचारका लागि फिर्ता पठाउनुभएको थियो। यी सरोकारहरुलाई सम्बोधन नगरी विधेयक पारित गरिएमा यसले कानुनी जटिलता मात्र नभई सामाजिक र आर्थिक विकृतिसमेत निम्त्याउन सक्ने खतरा रहन्छ।

सत्ता साझेदार दल एमालेले विधेयकका असमान दफाहरुलाई समितिमा छलफल गरेर संशोधन गर्ने सहमति जनाउनु स्वागतयोग्य छ। तर, यो केवल औपचारिकतामा सीमित हुनु हुँदैन। विधेयकका प्रत्येक दफामा गहन छलफल गरी विज्ञहरुको राय, नागरिक समाजको सुझाव र सरोकारवालाहरुको प्रतिक्रियालाई समेत ध्यान दिनु जरूरी छ। विशेषगरी, सम्पत्ति शुद्धीकरणजस्ता संवेदनशील विषयमा विधेयकले कुनै पनि प्रकारको छिद्र उपलब्ध गराउनु हुँदैन ।

चिट्ठा आफैंमा एक संवेदनशील आर्थिक गतिविधि हो। यसको सही व्यवस्थापन हुन नसकेमा समाजमा जुवाको लत बढ्ने, आर्थिक असमानता सिर्जना हुने र अवैध आर्जनलाई वैधानिक बनाउने माध्यम बन्न सक्ने जोखिम रहन्छ। तसर्थ, प्रदेश सरकार र प्रदेशसभाले यस विधेयकलाई केवल राजस्व संकलनको माध्यमका रुपमा मात्र नहेरी यसका सम्भावित नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ। बागमती प्रदेशसभाले चिट्ठा विधेयकलाई अघि बढाउँदा विगतका कमजोरीहरुबाट पाठ सिक्दै, विषयहरुलाई गम्भीरताका साथ सम्बोधन गर्दै, व्यापक छलफल तथा आवश्यक संशोधनपछि मात्र पारित गर्नु बुद्धिमानी हुनेछ।

गभर्नरमा विश्व 'विजय', थर्मल गन ग्याङको पराजयले खोलेको बाटो



कुबेर गिरी

सबै निराशा तथा अनिश्चितताका बीच पेचिलो र रहस्यमयी बन्दै गएको गभर्नर नियुक्ति प्रकरणले भने प्रधानमन्त्री ओली तथा कांग्रेस सभापति देउवालाई राहत भएको हुनुपर्छ। किनकि वित्तीय क्षेत्रको प्रमुख तथा स्वायत्त नियामक निकाय राष्ट्र बैंकमा आँखालगाएर बसेको बिचौलिया समूह 'थर्मल गन ग्याङ'लाई धक्का दिएर सही व्यक्तिलाई गभर्नरमा नियुक्ति गर्दा सरकारलाई अब अन्य नियामकमा पनि कोर्स करेक्सनको बाटो खुलेको छ।

नेपाल राष्ट्र बैंक कब्जा गर्ने र वित्तीय क्षेत्रमा अराजकता मच्चाउने 'थर्मल गन ग्याङ'को योजनामा अन्ततः धक्का लागेका छ। मंगलबार मन्त्रिपरिषदले डा विश्वनाथ पौडेललाई राष्ट्र बैंकको १८औं गभर्नर नियुक्त गरेपछि वित्तीय क्षेत्रका सबै नियामक निकाय कब्जा गर्ने 'थर्मल गन ग्याङ'को योजनामा धक्का लागेको हो।

राष्ट्र बैंक ऐनमा प्रस्ट उल्लेख छ, सरकारले बहालवाला गभर्नरको कार्यकाल सकिनुभन्दा एक महिनाअघि नै नयाँ गभर्नर नियुक्त गरेर सार्वजनिक गर्नुपर्ने छ। तर, प्रधानमन्त्री केपी शर्मा ओलीमाथि 'थर्मल गन ग्याङ'को निरन्तर दबाबका कारण गठबन्धन सरकारले गभर्नर पद रिक्त भएको डेढ महिनापछि बल्लतल्ल गभर्नर नियुक्त गर्न सकेको छ।

नेपाली कांग्रेसको सिफारिसमा प्रधानमन्त्री ओली नेतृत्वको सरकारले राष्ट्र बैंक ऐनलाई मिच्दै अर्थविद् पौडेललाई राष्ट्र बैंकको १८ औं गभर्नर नियुक्त गरेको हो। यसअघिका गभर्नर महाप्रसाद अधिकारीलाई पनि तत्कालीन नेकपाको सरकार हुँदा ओलीले नै नियुक्त गरेका थिए।

यसपटक पनि सुरूदेखि नै गभर्नर नियुक्तिमा 'थर्मल गन ग्याङ' हाबी भएको थियो। 'थर्मल गन ग्याङ' नियामक निकायमा आफ्ना मान्छे नियुक्त गरेर बिनालगानी आर्थिक स्वार्थ पूरा गर्न लागि पर्ने बिचौलिया समूह हो, जो अहिले एमाले कांग्रेस गठबन्धन सरकारका बेला झन् बलशाली देखिन खोजेको छ। समग्र वित्तीय क्षेत्रलाई दबाबमा राखेर निजीक्षेत्रलाई बदनाम गर्ने अनि उद्योगी व्यवसायीसँग कमिसन उठाउँदै अर्थतन्त्रलाई झन् धराप्मा पार्ने 'थर्मल गन ग्याङ'लगायतका स्वार्थ समूहको निरन्तरको दबाबका कारण गभर्नर नियुक्त गर्न प्रधानमन्त्रीलाई सकस परिरहेको थियो। त्यसैकारण नेपालको इतिहासमा नै गभर्नर नियुक्तिमा कहिल्यै नभएका घटना यसपटक भए।

शयनकक्षसम्म सिधै पहुँच भएको 'थर्मल गन ग्याङ'द्वारा घेरि एका प्रधानमन्त्रीले गभर्नर नियुक्तिकै क्रममा एक राम्रा अर्थविद्लाई फोसामा राजीनामा समेत गराए। गभर्नर कांग्रेसलाई मनेर भागबण्डा लगाएपछि र कांग्रेसका सभापति शेरबहादुर देउवा तथा प्रधानमन्त्री ओलीको सहमतिपछि गभर्नर हुने ढुक्क भएर राजीनामा गरेका अर्थविद् डा गुणाकर भट्टलाई अन्तिममा आएर 'थर्मल गन ग्याङ'को दबाबमा ओलीले नराम्ररी धोका दिए।

हुन त, राष्ट्र बैंकका कार्यकारी निर्देशक भट्टको राजीनामा स्वीकृत नहुनुका पछाडि रहेका 'थर्मल गन ग्याङ' र प्रधानमन्त्री ओलीलाई जोगाउन यसको दोष कार्यवाहक गभर्नर नीलम ढुंगानालाई दिइयो। तर, करिब डेढ महिनादेखि बालुवाटारमा बनिरहेको वित्तीय क्षेत्रमा पकड जमाएर निजीक्षेत्रलाई बदनाम गराउने र कमिसनको धन्दा चलाउने यो ग्याङको योजना अन्ततः देउवाको हठका कारण सफल भएन।

शेरबहादुर देउवाका हजार दोष होलान्, तर गभर्नर नियुक्ति प्रकरणमा अब कसैले पनि पैसाको चलखेल भएको आरोप लगाउन सक्ने छैन। देउवाको दबाबका कारण नै भए पनि स्वाभाविकरुपमा प्रधानमन्त्री ओलीले पनि त्यसको जस पाउने छन्। जहाँसम्म पौडेल कस्ता पात्र हुन् भन्ने सवाल छ, त्यो त आगामी पाँच वर्षमा उनले गर्ने कामले नै देखाउनेछ।

अन्यथा, बजारमा निजी क्षेत्र र कमिसन एजेन्डबीचको फरक नै नरहनेगरी हालका दिनमा भइरहेका चलखेलका कारण नेपालको अर्थतन्त्र मात्र ध्वस्त हुने होइन, नेपालमा लगानी गर्ने तथा रोजगारी सिर्जना गर्ने दुस्साहस कसैले पनि गर्न नसक्ने अवस्था सिर्जना हुँदै छ। व्यावसायिक वातावरणमा अन्योलका कारण यसै पनि नेपालमा उद्योग व्यवसाय गर्नु सबैभन्दा बढी जोखिमयुक्त छ। झन् त्यसमाथि निजी क्षेत्रका नाममा कसैको व्यवसाय देख्ने नहुने अनि कसैले पनि व्यवसाय गरेर खान खोजे कमिसन बुझाउनु पर्ने पञ्चायतकालीन भूमिगत गिरोहजस्ता 'थर्मल गन ग्याङ'लगायतका स्वार्थ समूह हाबी भएपछि नेपालमा उद्यम नगर्ने अवस्था सिर्जना हुँदैछ।

तर, निजी क्षेत्रको नाममा उदार अर्थव्यवस्थाको जामा पहिरि एका यस्ता स्वार्थ समूह सक्रिय हुँदा आफैले नाम मागेपछि पनि बहानाबाजी गरेर गभर्नर नियुक्त गर्न गाह्रो मानिरहेका प्रधानमन्त्री ओलीलाई पनि भोलिदेखि राम्रो गभर्नर नियुक्त गरेको छु र वित्तीय क्षेत्र सुरक्षित छ भनेर भाषण गर्न सहज भएको छ।

प्रधानमन्त्री ओलीले रिक्त हुनुभन्दा एक महिनापहिले नै नियुक्त गर्नु पर्ने ऐनको व्यवस्था नै ठाडो उल्लंघन गरेको गभर्नरमा मात्र होइन। निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त खाली भएको एक महिना भयो। सर्वोच्च अदालतमा चारजना न्यायाधीश रिक्त छन्। त्रिभुवन विश्व विद्यालयमा भीसी खाली भएको पनि थुप्रै भयो। तर, बालुवाटारको शयनकक्षसम्म पहुँच भएको 'थर्मल गन ग्याङ'को दबाबका कारण नै प्रधानमन्त्रीको सम्पूर्ण ध्यान गभर्नरमा मात्र भएको हो भनेर बुझ्न आइतबार कुर्नु पर्दैन।

गभर्नर मुद्दाले गठबन्धन धर्मराएपछि 'शयन कक्ष'बाट एक कदम पछि हट्यो 'थर्मल गन ग्याङ'

राज्यसत्ता सधै 'सेटिङ र चिटिङ'बाट मात्र चलेको कारण युवाहरुमा निराशा छ। उनीहरु नेपालमा आफूले अवसर पाउने सम्भावना नदेखेर पलायन भइरहेका छन्। कमिसनखोरहरुका कारण निजी क्षेत्रको लागत महँगो पर्न गएकाले नयाँनयाँ उद्योग खुल्न सकेका छैनन्। अनि मुलुकमा रोजगारी सिर्जना हुन नसकेर युवा रोजगारीका लागि अरबको ५० डिग्री तापक्रममा पसिना बगाउन बाध्य छन्।

निजी क्षेत्र तथा उदार अर्थतन्त्रलाई बदनाम गर्दै 'थर्मल गन ग्याङ'जस्ता स्वार्थ समूहले मच्चाएको कमिसनतन्त्रको जालोको प्रमाणसहितको उजुरी अख्तियार अनुसन्धान आयोग पुगेको छ। प्रधानमन्त्री ओली त्यसका जानकार नहुने कुरै भएन। किनकि प्रधानमन्त्री ओलीले नै नियुक्त गरेका धितोपत्र बोर्डका अध्यक्षको नाममा जलविद्युत् कम्पनीका आईपीओ निरुकासनमा नजराना माग गरिएको प्रमाण बालुवाटार पनि पुगिसकेको छ।

त्यसैले होला, अर्थ मन्त्रालय आफ्ना मातहतको धितोपत्र बोर्डसँग र आरोपित अध्यक्षसँग स्पष्टीकरण सोध्ने आँट पनि गर्न सक्दैन। अर्थ मन्त्रालयले तत्काल स्पष्टीकरण सोध्न नसक्दा व्यवसायीलाई नै धम्काउन कमिसनखोरहरु झन् सक्रिय भइरहेको आरोप छ।

२०८१ मंसिर १० गते धितोपत्र बोर्डको अध्यक्ष नियुक्ति भएदेखि नै नेकपा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरुले बिचौलिया र स्वार्थ समूहले अर्बौको चलखेर गरेर सन्तोषनारायण श्रेष्ठलाई बोर्डको अध्यक्ष बनाइएको आरोप लगाएका थिए। श्रेष्ठलाई नियुक्त गर्न सरकार नै परिवर्तन भएको माओवादीका नेताहरुको आरोप पनि थियो। 'थर्मल गन ग्याङ'जस्ता स्वार्थ समूहले सेयर बजारमा आफूअनुकूल नीति बनाउन तथा नयाँ स्टक एक्स्चेन्जको लाइसेन्स हात पार्न उनलाई अध्यक्ष बनाएको आरोप माओवादीका नेताहरुले खुल्लमखुल्ला लगाएका थिए। नेपाली कांग्रेस र माओवादी केन्द्रको गठबन्धन तोडिनुमा धितोपत्र बोर्डको अध्यक्ष 'थर्मल गन ग्याङ'लाई नदिएको कारण हो भनेर नेताहरुले यत्रतत्र बोलेका पनि छन्।

अझ, राख्वपा सांसद स्वर्णिम वाग्लेले त 'बोर्ड अध्यक्ष नियुक्ति कसको प्रभावमा गरिएको?' भन्दै प्रतिनिधि सभा बैठकमा प्रश्न नै उठाएका थिए। पूर्वअर्थमन्त्री तथा माओवादी केन्द्रका सांसद वर्षमान पुनले पनि संसद् बैठकमा अध्यक्ष श्रेष्ठको नियुक्ति बारेमा प्रश्न उठाएका थिए।

बाँकी पेज ३ मा

गभर्नरमा विश्व "विजय", थर्मल...

'अध्यक्ष नियुक्ति पुरानो सरकार हेरफेर हुँदाको मुख्यमध्येको एउटा मुद्दा थियो। त्यतिखेर यसमा ठूलो स्वार्थ समूहको हात छ, आर्थिक चलखेल छ भनेर हामीले भनेकै थियौं,' पुनले भनेका थिए।

लामो समयदेखि जलविद्युत् क्षेत्रको सेयर निस्कासन अनुमति नदिएर बोर्डका अध्यक्षले बिचौलियामार्फत् कमिसन बार्गेनिङ गरेको आरोप ऊर्जा उत्पादकहरुले लगाएका छन्। विभिन्न दलका नेता, ऊर्जामन्त्री, अर्थमन्त्री, प्रधानमन्त्रीलगायतलाई भेटेर जलविद्युत् कम्पनीको आईपीओ निस्कासनको लागि लबिङ गरे पनि आईपीओको स्वीकृति नपाएका ऊर्जा व्यवसायी बिचौलियाहरु आफ्ना कार्यालयमा कमिसन दिए आईपीओ स्वीकृत हुने भन्दै आउन थालेपछि अत्तालिएका थिए।

इप्पानका अध्यक्ष गणेश कार्कीले नेपालखबर 'तत्कालै'मा बोल्दै धेरै साथीहरुले कमिसन मागेको गुनासो गरेको बताएका छन्। यता आईपीओ स्वीकृति नदिने श्रेष्ठले विवादको बीचमै नयाँ स्टक एक्सचेन्जको लाइसेन्स दिने प्रक्रिया अघि बढाएका छन्।

नयाँ स्टक एक्सचेन्जका लागि हिमालयन स्टक एक्स्चेन्ज, नेसनल स्टक एक्स्चेन्ज र अन्नपूर्ण स्टक एक्स्चेन्जले बोर्डमा आवेदन दिएका छन्। तर, एक कम्पनीले मात्र लाइसेन्स पाउनेछ। नयाँ स्टक एक्सचेन्जको लाइसेन्सको प्रक्रियामा फेरि स्वार्थ समूह हाबी हुँदा अर्बौंको चलखेल भइरहेको बुझिन्छ।

दोस्रो स्टक एक्सचेन्जको लाइसेन्सका विषयमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र कांग्रेस सभापति शेरबहादुर देउवाबीच विवाद उत्पन्न भएपछि तत्कालीन प्रधानमन्त्री दाहालले नयाँ स्टक लाइसेन्सको प्रक्रिया रोकेका थिए। त्यसैगरी, अर्थ समितिको बैठकमा राप्रपाका सांसद स्वर्णिम वाग्लेले स्टक एक्सचेन्जलगायतका विषयमा धितोपत्र बोर्डको कामको विषयलाई लिएर 'नोट अफ डिसेन्ट' नै लेखेका थिए।

त्यसैले, सत्य के हो भने राष्ट्र बैंकको गभर्नर नियुक्तिमा जति प्रधानमन्त्री ओलीले हरेक उम्मेदवार को योग्यतामा खोट निकाले, त्यति नै मिहिन अध्ययन गरेको भए सायद धितोपत्र बजारको नियामक तथा बिमा बजारको नियामकमा माओवादी वा राप्रपाका नेताहरुले आरोप लगाए जस्तै स्वार्थ समूहकाका कारिन्दा नियुक्त हुन्नथे होला। सरकारले आँखा चिम्लिएका कारण नै बिमा प्राधिकरणको अध्यक्षको योग्यताको कागजातसहित फाइल सर्वोच्चले हालै मगाएको छ।

आज बजार त्रसित छ। उद्यमीहरु निराश छन्। किनकि उद्यम गर्ने व्यक्तिलाई हरेक ठाउँमा निरूत्साहित गरिन्छ, दुरूत्साहित गरिन्छ। तर, निजी क्षेत्रलाई बदनाम गर्दै एकथरी कमिसन बदुल्दै हिँडिरहेका छन्।

जोखिम लिने, मेहनत गर्ने एउटा उद्यमी अनि कमाएको अधिकांश हिस्सा सरकारलाई कर तिर्ने र बाँकी बिचौलिया कमिसनखोरलाई बुझाउनु पर्ने भएपछि कोही किन नेपालमा उद्योग गरोस्, कोही किन व्यवसाय गरोस्, किन नेपालमा बसोस्?

यी सबै निराशा तथा अनिश्चितताका बीच पेचिलो र रहस्यमयी बन्दै गएको गभर्नर नियुक्ति प्रकरणले भने प्रधानमन्त्री ओली तथा कांग्रेस सभापति देउवालाई राहत भएको हुनुपर्छ। किनकि वित्तीय क्षेत्रको प्रमुख तथा स्वायत्त नियामक निकाय राष्ट्र बैंकमा आँखा लगाएर बसेको बिचौलिया समूह 'थर्मल गन ग्याङ'लाई धक्का दिएर सही व्यक्तिलाई गभर्नर मा नियुक्ति गर्दा सरकारलाई अब अन्य नियामकमा पनि कोर्स करेक्सनको बाटो खुलेको छ।

(कुबेर चालिसे नेपालखबर कन्सल्टिङ एडिटर हुन्) यो लेख नेपाल खबर डटकममबाट लिइएको हो।

भासिदै सडक भाँचिदै पुलहरु...



र सडकहरू भासिएका पहिलो कारण हुन् अत्यधिक भारको असर । क्षमताभन्दा बढी भारले पुल तथा राजमार्गहरूमा असर पर्ने गरेको छ ।

सडकको डिजाइन गर्दा निर्धारण गरिएको भार क्षमताभन्दा धेरै वजन बोकेका ट्रक, टिपरलगायतका सवारी साधनहरु पुलमाथिबाट गुड्दैपछि पुलको संरचनामा अत्यधिक भार पर्छ । एक पटकमा एक वटामात्रै भारयुक्त गाडी/ट्रकहरू वारपार गर्न भनिएको सवारीहरू प्रतिक्षा गर्दैनन्, एकै पटक ४ वटासम्म सवारीहरू वारपार गर्छन् । जसको वजन पुलले धान्नै सक्दैन ।

नेपालको भौगोलिक धरातल पनि अर्को कारण हो । पाहाडि राजधार्गहरूमा जमिनको संरचनाको कारण राजमार्गहरू भासिने गरेका छन् । यसरी राजमार्ग भासिने र पुलहरू भाँचिने अर्को कारण हो अनुगमनको कमी । भार क्षमता जाँच गर्ने संयन्त्रको प्रभावकारी अनुगमन नहुँदा चालकहरुले क्षमताभन्दा बढी भार बोक्ने गर्छन्। नेपालको विभिन्न स्थानमा गरी सरकारी तहबाट ३ वटा र निजी स्तरबाट ११ वटा गरी धर्मकाँटाहरू हाल सञ्चालनमा छन् ।

तर ति धर्मकाँटाहरूमा भारयुक्त सवारीको नियन्त्रण छैन । "नाम मात्रैका धर्मकाँटाहरू छन्, तिनैले धर्म धानेका छैनन" यातायात व्यवसायी हरि राउत भन्छन् "धर्मकाँटासँग ट्राफिक प्रशासनको जिम्मेवारीमाथि पनि प्रश्न उठ्ने गरेको छ ।"

यसैगरी पुलहरू भाँचिने अर्को कारण हो पुराना पुलहरुको डिजाइन । नेपालका पूर्व पश्चिम राजमार्गमा बनेका अधिकांश पुलहरु तत्कालीन समयको सवारी चाप र भार क्षमतालाई ध्यानमा राखेर डिजाइन गरिएका थिए। हालको सवारी चाप र मालवाहक गाडीहरुको भार अत्यधिक बोक्दा ती पुलहरुले भार थेग्न सक्दैनन्।

दशकौं पुराना पुलहरुमा प्रयोग भएका निर्माण सामग्री फलाम, कंक्रिटको आयु सकिएको हुन सक्छ वा ती सामग्रीहरु अहिलेको तुलनामा कम गुणस्तरका हुन सक्ने आँकलन पनि व्यवसायीहरूले गर्न थालेका छन् ।

कतिपय पुलहरू बन्दाबन्दै भाँचिएका उदाहरण पनि छन् । जस्तै बागमती प्रदेशको रामेछाप जिल्लाको मन्थली नगरपालिका ६ र ७ जोड्ने तामाकोशी नदी माथिको ठेडिखोला पुल २६ वैशाख २०८२ मा भाँचिएको छ। निर्माणको अन्तिम चरणमा रहेको ५४ मिटर लामो अन्तिम स्पानको ढलान सकिएको केही दिनमै भाँचिएको हो । २०८२ असार मसान्तसम्म पुलबाट सवारी आवागमन खुलाइने तयारी निर्माण गरिदै थियो । यस घटनामा न्यून गुणस्तरको निर्माण सामग्री आशंका गरिएको छ । निर्माण प्रक्रियामा गुणस्तरहीन सामग्रीको प्रयोग वा निर्माण मापदण्डको पालना नगर्दा पुलको जग, बिम वा अन्य संरचना कमजोर बन्न सक्छ ।

मर्मत सम्भारको कमी अर्को कारण कारण हो । नियमित निरीक्षणको अभाव तथा भएका सानातिना सानातिना क्षतिहरु पहिचान गर्ने, नियमित निरीक्षण गरेर भएका क्षतिहरु ठूला समस्यामा परिणत हुन नदिने परिपाटीको विकास छैन । सरकारी तवरबाट यस्ता त्रुटी सच्याउनु पर्ने नारायणी यातायात व्यवसायी कम्पनी प्रा.लि हेटौंडाका कानून सल्लाहकार मुकुन्द अधिकारी बताउँछन्।

"समयमै मर्मत गर्ने परिपाटी नै छैन, पुलमा आएका सामान्य चिरिएका भाग, खिया लागेका फलामका संरचना वा कमजोर भएका जोडहरुलाई समयमै मर्मत नगर्दा समग्र संरचना कमजोर बन्दै जान्छ" उनले भने । भूकम्प जस्ता शक्तिशाली भूकम्पले पुलको जग र माथिल्लो संरचनामा क्षति पुर्‍याउन सक्छ, बाढी पहिरोहरूका कारण पनि पुललाई कमजोर बनाउँछ ।

व्यवसायीको के भूमिका ?

पुल भाँचिनुमा व्यवसायीहरुको भूमिकालाई विभिन्न कोणबाट हेर्न सकिन्छ। उनीहरुको प्रत्यक्ष वा अप्रत्यक्ष कार्यले पुलको दीर्घायु र सुरक्षामा असर पार्न सक्छन् ।

मालवाहक सवारी साधन (ट्रक, टिपर आदि) का सञ्चालक तथा व्यवसायीहरुले नाफाका लागि अनुमतिभन्दा बढी वजन बोकाएर ढुवानी गर्दा पुलको संरचनामा अत्यधिक भार पर्छ। यसले पुलको डिजाइन क्षमताभन्दा बढी भार बहन गर्नुपर्ने स्थिति आउँछ । यसप्रति सचेत बनेर सुरक्षामा लाग्नु यो व्यवसायीहरुको सबैभन्दा महत्वपूर्ण र प्रत्यक्ष भूमिका हो।

ट्राफिक नियमको उल्लघंन र सजायको डरलाई बेवास्ता गर्दै हुने यस्तो कार्यले सार्वजनिक सम्पत्तिमा क्षति पुर्‍याउँछ । मानवीय दुर्घटनाको जोखिम पनि बढाउँछ।

निर्माणका क्रममा गुणस्तरहीन सामग्रीको प्रयोग रोक्नु पर्छ । लागत घटाउनका लागि न्यून गुणस्तरको सामग्री प्रयोग गर्नु वा निर्माण मापदण्डको पालना नगर्नु पुल कमजोर बन्नुको प्रमुख कारण बन्न सक्छ। कमसल सिमेन्ट, फलाम वा अन्य निर्माण सामग्री प्रयोग गर्दा पुलको आयु घट्छ र भविष्यमा भाँचिने सम्भावना प्रबल हुन्छ । यसले पुलको संरचनात्मक अखण्डतामाथि नै प्रश्नचिह्न खडा गर्छ।

पुलको मर्मत सम्भारको ठेक्का लिएका व्यवसायीहरुले समयमै र सही तरिकाले मर्मत कार्य नगरेमा पनि पुल कमजोर बन्छ। सामान्य मर्मतबाट टर्न सक्ने क्षतिलाई बेवास्ता गर्दा पछि ठूलो समस्या निम्तिन सक्छ। मर्मतका लागि विनियोजित बजेटको दुरूपयोग वा काममा ढिलासुस्तीले पुलको जीर्णोद्धारमा बाधा पुग्छ।

ढुवानी व्यवसायीहरुले सडक विभाग वा सम्बन्धित निकायसँग पुलहरुको भार क्षमता र अवस्थाबारे समन्वयको अभाव देखाउँदा पनि समस्या आउँछ । यद्यपि, अनुगमन गर्ने र नियमन गर्ने मुख्य जिम्मेवारी सरकारी निकायको भए पनि, व्यवसायीहरुले पनि इमान्दारितापूर्वक नियमको पालना गर्नुपर्छ। व्यवसायिक नैतिकताको प्रश्न उठ्ने ठाउँ राख्नु हुदैन ।

यी कार्यहरुमा व्यवसायीको नैतिकता र सामाजिक उत्तरदायित्वको प्रश्न जोडिएको हुन्छ। केवल नाफालाई मात्र प्राथमिकता दिँदा सार्वजनिक सुरक्षा र पूर्वाधारमा पर्ने नकारात्मक असरलाई बेवास्ता गरिन्छ । व्यवसायीहरुको भूमिका नाफामुखी सोच र व्यावसायिक नैतिकताबीचको सन्तुलनमा निर्भर गर्छ। नियमको पालना गर्ने, गुणस्तरीय काम गर्ने र सामाजिक उत्तर दायित्व बुझ्ने व्यवसायीहरुले पूर्वाधारको सुरक्षामा सकारात्मक योगदान पुर्‍याउँने पराजुली बताउँछन् ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । **त्यसैले** बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

थाहा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, मकवानपुर

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं ।

● सहीखबर साप्ताहिक

बागमतीको विनियोजन विधेयक

पूर्वाधार विकासदेखि रैथाने बालीसम्म

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सभाको बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले विनियोजन विधेयक २०८२ सदनमा प्रस्तुत गरेका छन्।

१८ पेजमा अटाइएका विनियोजन विधेयकमा प्रादेशिक विकासको दिगोपनामा जोड दिई पूर्वाधार विकासमा क्षेत्रीय सन्तुलन कायम गरिने आर्थिक मामिला मन्त्री काफ्लेले बताए।

उदीयमान बजार केन्द्र तथा पालिका केन्द्रहरु जोड्ने प्रादेशिक सडक यातायात गुरूयोजनाका सडकहरु र अन्य महत्वपूर्ण सडकहरूलाई प्राथमिकतामा राखी बिस्तार तथा स्तरोन्नति गरिने बताउँदै मन्त्री काफ्लेले विपद्बाट क्षति भएका सडक तथा अन्य पूर्वाधारहरुको मर्मत तथा स्तरोन्नतिका कार्यक्रमहरु सञ्चालन र जोखिमयुक्त पुलहरुको प्रतिस्थापन वा मजबुतीकरण गरिने बताए।

'प्रदेशबाट निर्माण हुने सम्पूर्ण भवनहरुमा एकद्वार प्रणाली लागू गरिनेछ,' उनले भने, 'एकीकृत बस्ती विकास, जग्गा एकीकरण र जोखिमयुक्त बस्ती स्थानान्तरण जस्ता कार्यक्रमहरु अघि बढाइनेछ। आर्थिक, सामाजिक, पर्यटकीय तथा औद्योगिक सम्भाव्यता विश्लेषण गरी पहुँच मार्गहरु निर्माणलाई जोड दिइनेछ।'

यस्तै, कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमा जोड दिइने मन्त्री काफ्ले बताए। कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिको लागि कृषि क्षेत्रमा आधुनिकीकरण गरी प्रविधिको प्रयोगमा कृषकको पहुँच बढाउन कार्यक्रमहरू तर्जुमा गरिने उनले प्रदेश सभामा प्रस्तुत गरेको विनियोजन विधेयक २०८२ मा उल्लेख गरिएको छ।

'रैथाने बालीको संरक्षण र उच्च मूल्य तथा निर्यातयोग्य कृषि उपज उत्पादनमा लगानी बढाइने मन्त्री काफ्लेले बताए। व्यवसायिक खेती प्रवर्धनको लागि जमिनको चक्लाबन्दी तथा बाँझो जमिनको उपयोग गरिने छ,' उनले भने, 'माटोको उर्वराशक्ति अभिवृद्धिका लागि जैविक मलमा आधारित खेतीलाई प्रोत्साहित गर्दै कृषियोग्य जमिनमा सिँचाइ सुविधा बिस्तारका लागि बजेट विनियोजन गरिनेछ। संघीय सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गरी कृषि उपजको उत्पादन, सुरक्षित भण्डारण, प्याकेजिङ, ब्राण्डिङ तथा बजारीकरण गरिनेछ।'

प्रदेशभित्र उपलब्ध युवा जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्न स्थानीय तह, निजी क्षेत्र र सहकारी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ। कृषिलाई उत्पादन र उत्पादनलाई उद्योगसँग जोड्दै रोजगारी र आय आर्जन वृद्धिमा निजी क्षेत्रलाई आकर्षित गरिने उनले बताए।

यस्तै, प्रदेशको स्वास्थ्य क्षेत्रको विकासलाई बहुआयामिक रूपमा अगाडि बढाइने बताइएको छ। स्वास्थ्य क्षेत्रको विकासमा प्रादेशिक अस्पताल एवं स्वास्थ्य संस्थाहरुमा पूर्वाधार विकास र जनशक्तिको व्यवस्था गरिनेछ मन्त्री काफ्ले बताए। आधारभूत स्वास्थ्य सेवा प्रवाहमा स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारीका आधारमा सम्पूर्ण जनताको पहुँच सुनिश्चित गरिनेछ। स्वास्थ्य सेवा प्रवाहमा राज्यको जिम्मेवारी र नियमनलाई प्रभावकारी बनाउने र विशेषज्ञ सेवा बिस्तार तथा सुदृढीकरण गरिने उनले बताए।

यता, गुणस्तरीय शिक्षा र शैक्षिक क्षेत्रको विकासका लागि प्रदेश र स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा सार्वजनिक विद्यालयको संस्थागत विकास मार्फत शैक्षिक गुणस्तरमा सुधार गरिने उनले बताए। अनिवार्य तथा निःशुल्क शिक्षामा जोड दिँदै शिक्षामा सबैको पहुँच सुनिश्चित गरिने लक्ष्य लिइएको मन्त्री काफ्लेको भनाइ छ।

सहकारी क्षेत्रको सुदृढीकरण गरी पुँजी परिचालन गर्न स्थानीय तह र सहकारी संघसंस्थाहरूको साझेदारी मार्फत उत्पादन, प्रशोधन र बजारीकरणका कार्यक्रमहरू संचालन गरिने आर्थिक मामिला तथा योजना मन्त्री काफ्ले बताए।

'वित्तीय र व्यवस्थापकीय जोखिममा रहेका सहकारी संस्थाहरूको नियमन र सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाई बचतकर्ताको निक्षेपलाई सुरक्षित गरिनेछ,' उनले भने, 'समस्याग्रस्त सहकारी संस्थाहरूको समस्या समाधानका लागि उचित कदम चालिनेछ। प्रदेश मित्र गरिबीको रेखामुनि रहेका अल्पसंख्यक, विपन्न र सीमान्तकृत वर्गका लागि सशक्तीकरण कार्यक्रमहरू संचालन गरिनेछ।'

यता, औद्योगिक विकास र निजी क्षेत्रको प्रवर्धनमा प्रदेश सरकारले विभिन्न योजना बनाउने बताइएको छ। स्थानीय तहमा उद्योग व्यवसाय प्रवर्धनको लागि एक वडा एक उद्यम, एक स्थानीय तह एक प्रमुख उद्योग स्थापनामा सहयोग हुने गरी कार्यक्रमहरु तर्जुमा गरिने बताइएको छ।

'निजी क्षेत्रसँग रहेको सीप, पूँजी र प्रविधिलाई उपयोग गरी घरेलु, साना तथा मझौला उद्योगहरु सञ्चालन गर्न प्रोत्साहन गरिनेछ,' मन्त्री काफ्लेले भने, 'स्थानीय तह र निजी क्षेत्रसँगको समन्वयमा स्थानीयस्तरमा उत्पादित वस्तुको प्रवर्धन र ब्राण्डिङ गर्दै बजारीकरण गरिनेछ।'

त्यसोत, विपत्जन्य घटनाहरुबाट पाठ सिक्दै विकासका पूर्वाधारहरु निर्माण गर्दा यसको कारण सृजना हुन सक्ने बाढी, पहिरो, भूक्षय, डुबान लगायतका विपद् जोखिम घटाउन र वातावरण संरक्षणका लागि उचित उपायहरु अवलम्बन गरिने मन्त्री काफ्लेले बताए। विपद् प्रतिकार्य र पुनर्स्थापनाको प्रभावकारिता अभिवृद्धि गर्न अन्तर तह र अन्तर निकाय समन्वयलाई प्रभावकारी बनाइने उनको भनाइ छ।

सार्वजनिक सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्न सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गरिने अर्थ मन्त्री काफ्लेले बताए। संघीय सरकार र स्थानीय तहसँगको सहकार्य र समन्वयका माध्यमबाट प्रदेश सरकारको सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाइने उनको भनाइ छ।

२६३ पालिकामा मात्रै लापा कार्ययोजना . . .

उपसचिव नरेश शर्माले मुख्य गरी सुदूरपश्चिम र कर्णाली प्रदेशका स्थानीय तहहरुले अनुकूलन योजना बनाएको बताए ।

जलवायु वित्त विज्ञ राजु पण्डित क्षेत्रीले अनुकूलन कार्ययोजना केन्द्रले राखेको कार्यक्रम हो भनेर स्थानीय तहले अपनत्व नलिने र केन्द्रले पनि आवश्यक बजेट र प्राविधिक क्षमता अभिवृद्धिमा ध्यान नदिनाले प्रगति हुन नसकेको बताए ।

'कुनै पनि विपद् तथा जोखिम हुँदा प्रभावितसँग प्रत्यक्ष ठोकिने भनेको स्थानीय सरकार हो,' उनले भने, 'स्थानीय अनुकूलनको जरूरी हुँदाहुँदै पनि जलवायु सम्बन्धित कार्यक्रम भनेको वैदेशिक सहायता (बजेट) आएपछि मात्रै काम गर्ने हो, आफ्नो बजेट अरु विकासमा खर्च गर्ने हो भन्ने विडम्बनापूर्ण बुझाइले गर्दा पनि प्राथमिकतामा परेको छैन ।'

सिन्धुलीको फिक्कल गाउँपालिका अध्यक्ष एवम् गाउँपालिका राष्ट्रिय महासंघकी सचिव पार्वती सुनुवारले स्थानीय अनुकूलन अति जरूरी भए पनि प्राविधिक दक्षताकै अभावले गर्दा कार्ययोजना बन्न नसकिरहेको बताइन् ।

'हाम्रा कर्मचारी साथीहरुमा प्राविधिक ज्ञान र क्षमताको अभाव छ, हामी जनप्रतिनिधिलाई त थाहा हुने कुरै भएन,' उनले भनिन्, 'वन मन्त्रालय यसको फोकल मन्त्रालय भएकाले योजना तर्जुमा प्रक्रियामा सहयोग गर्नुपर्ने हो, अन्तर्राष्ट्रिय प्रतिबद्धता गरिएको हुनाले उहाँहरु कामको रिपोर्ट मात्रै खोज्नुहुन्छ, क्षमता अभिवृद्धिका कार्यक्रम पनि केन्द्र, शहरबजारतिरै गर्नुहुन्छ ।'

जलवायु परिवर्तनका कारणबाट सिर्जित परिस्थितिमा विभिन्न उपायहरु अवलम्बन गरी जीवनयापन गर्ने क्षमतामा अभिवृद्धि गर्नु नै अनुकूलन हो । संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका अनुसार बढ्दो तापमानले वातावरण, समाज, जनस्वास्थ्य तथा अर्थतन्त्रमा पार्ने हानिकारक असर कम गर्न स्थानीय, सरकार तथा सरोकार वालाले अपनाउने प्रतिरोधी उपायलाई जलवायु परिवर्तन अनुकूलन भनिन्छ ।

अनुकूलनका उपायहरुको माध्यमबाट वास्तविक र सम्भावित जलवायु परिवर्तनका कारण सृजित चुनौती वा जोखिम मोलेर मानव निर्मित वा प्राकृतिक वातावरणमा समाहित हुने अवसरहरुको खोजी गरिन्छ ।

अनुकूलन कार्ययोजना तयार गरेर लागु गर्दा स्थानीय स्तरमा निर्माण गरिने विकास पूर्वाधारहरुका साथै शिक्षा, स्वास्थ्य, खानेपानी र स्थानीय प्रविधिलाई जलवायु उत्थानशील बनाउनुपर्ने हुन्छ । त्यस्तै जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका अभ्यासमा स्थानीय स्रोत, क्षमता तथा ज्ञानको उपयोगलाई प्राथमिकता दिनुपर्ने हुन्छ ।

सहसचिव ढकालले बजेट विनियोजन र परिचालनलाई स्थानीय तहको परिवेश, भूगोल, आवश्यकता अनुकूल बनाउनुपर्ने बताए । 'सरकार का निकायहरुमा हालसम्म हेर्दा कुल बजेटको ६ प्रतिशत हाराहारीमा जलवायुमैत्री बजेट छुटाएको देखिन्छ, पञ्चवर्षीय योजनाको अन्त्यसम्म १० प्रतिशत विनियोजन गर्नुपर्ने भनेका छौं उनले भने 'अनुकलन योजना बनेर कार्यान्वयन भएकाको गतिविधिमाथि पनि यकिन लेखाजोखा भैसकेको छैन ।

यसमा अनुगमन र मुल्याकंन स्थानीय तह आफैले गर्नुपर्ने, आवश्यकता अनुसार प्रदेश र संघीय सरकारको वन तथा वातावरण मन्त्रालयले पनि गर्नुपर्छ ।'

सरकारले पहिलो पटक ०६७ सालमा स्थानीय स्तरको जलवायु परिवर्तन अनुकूलन योजनाको राष्ट्रिय खाका ल्याएको थियो । सोही अनुरुप सरकार, विभिन्न परियोजना, गैर सरकारी संघसंस्थाहरूको सहयोगमा खास गरी पुरानो संरचना अन्तर्गतका नगरपालिका वा गाविसमा आधारित ७०० भन्दा बढी अनुकूलन कार्ययोजना (केही पारिस्थितिक प्रणालीमा आधारित सहित) तयार पारेर कार्यान्वयनमा ल्याइएको थियो । संघीयता अभ्याससँगै पुरानो अनुकूलन खाकालाई ०७६ सालमा परिमार्जन गरिएको थियो ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र निः शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र निःशूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिका कार्यालय मकवानपुरगढी

साहित्य संगम मकवानपुरले ८ जनालाई सम्मानित गर्ने



○ सहीखबर संवाददाता

मकवानपुर । साहित्य सङ्गम मकवानपुरले ८ जना व्यक्तित्वलाई हेटौंडामा सम्मानित गर्ने भएको छ । ३३३ औं नियमित साहित्य सन्ध्या सँगै सङ्गम साहित्य उत्सव २०८२ आयोजना गर्दै सङ्गमले ८ जनालाई शनिबार विभिन्न सम्मानबाट सम्मानित गर्ने भएको हो ।

मकवानपुर साहित्य श्री सम्मान, २०८१ बाट मकवानपुरे साहित्य स्रष्टा राजकुमार लामिछाने सम्मानित हुने भएका छन् । तत्कालिन जिल्ला विकास समिति मकवानपुर संस्थापक रहेको उक्त सम्मानको राशी १५ हजार ५५५ रूपैंया रहेको छ । यसैगरी भेषनाथ अधिकारी स्मृति छन्द सम्मान २०८१ बाट टीका आत्रेय सम्मानित हुने छन् । विशाल अधिकारी आशुतोषले स्थापना गरेको उक्त सम्मानको राशी १५ हजार ५५५ रूपैंया रहेको छ ।

यस्तै समिर पाखिन दीपक मुडभरी स्मृति सम्मान, २०८१ बाट सम्मानित हुने भएका छन् । १० हजार रूपैया राशीको उक्त सम्मान मुडभरी परिवारले स्थापना गरेका हुन् । यसैगरी विनोद सुनिता सुवेदी सम्मान, २०८१ मकवानपुरे पत्रकार रामकुमार एलनलाई प्रदान गरिने भएको छ । ११ हजार १११ रूपैंया राशी रहेको उक्त सम्मान प्याल्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले स्थापना गरेका हुन् । १० हजार रूपैंया राशीको मंगलादेवी स्मृति सम्मान २०८१ बाट बबी थापा सम्मानित हुने भएकी छिन् । उक्त सम्मान शिक्षासेवी देवप्रसाद श्रेष्ठले स्थापना गरेका हुन् ।

यसैगरी मुक्तितारा सम्मान, २०८१ बाट यश लामा सम्मानित हुने भएका छन् । मुक्तिगोविन्द वैद्यले स्थापना गरेको उक्त सम्मानको राशी १० हजार रूपैंया रहेको छ । यस्तै १० हजार रूपैंयाको रामहरी देवु सम्मान, २०८१ बाट मसान उपासक सम्मानित हुने भएका छन् । ऋषि केबी र पूण्यशीला श्रेष्ठले उक्त सम्मान स्थापना गरेका हुन् ।

यसैगरी साहित्य सङ्गम मकवानपुर कृति सम्मान २०८०/०८१ बाट अभय श्रेष्ठ सम्मानित हुने भएका छन् । डा. केशव श्रेष्ठ ज्योतिले स्थापना गरेको उक्त सम्मान २५ हजार १ रूपैंया रहेको छ ।

१० जेठ शनिबार हुने कार्यक्रममा सम्मानित स्रष्टाहरूको रचना वाचन समेत हुनेछ । कार्यक्रममा २ वटा प्यालल डिस्कसन हुने संगम सचिव मनोज पोखरेलले जानकारी दिए । उनका अनुसार सपना र सम्भावना: सिर्जनामा नयाँ पुस्ता र कविता: युगको प्रतिविम्बनमा प्यानल डिस्कसन हुनेछ ।

सर्जक संजाल मकवानपुरका संयोजक निमेष निखिलले अभिभावकत्व ग्रहण गर्ने कविता: युगको प्रतिविम्बनमा प्यानल डिस्कसनका वहसकर्तामा अभय श्रेष्ठ, टिका आत्रेय र घनश्याम घिमिरे रहेका छन् । यस सेसनको सहजकर्ता शान्तिप्रीय वन्दनाले गर्नेछिन् ।

मकवानपुरे साहित्यकार दीपक गौतमले अभिभावकत्व ग्रहण गर्ने सपना र सम्भावना: सिर्जनामा नयाँ पुस्ता प्यानल डिस्कसनका वहसकर्तामा संप्रस पौडेल, प्रतिमा डङ्गोल र कृतिका लौडारी रहने छन् । यस सेसनको सहजकर्ता छवि अनित्यले गर्नेछन् । कार्यक्रममा अतिथि साहित्यकारहरूको रचना वाचन तथा संगमका कार्यसमितिका पदाधिकारीहरूको रचना वाचन समेत हुने छ ।

हेटौंडा उपमहानगरको प्रतिष्ठा वृद्धि गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रसम्म साहित्य कला तथा संस्कृतिलाई विस्तार गर्न सङ्गम साहित्य उत्सव २०८२ आयोजना गर्न लागिएको सङ्गम अध्यक्ष डीबी बर्तौलाले जानकारी दिए । हेटौंडा उपमहानगर पालिकाको प्रवर्धनमा कार्यक्रम गर्न लागिएको हो ।

१९ दिनपछि भेटियो हराएको गाडीको पार्टपुर्जा



मकवानपुर । मकवानपुरको हेटौंडामा जमिन भासिएर बेपत्ता भएको गाडीको पाटपुर्जा १९ दिनपछि भेटिएको छ ।

मंगलबार जेसीबी प्रयोग गरेर भासिएको गाडी निकाल्ने कोशिस गरिएकोमा पाटपुर्जा भेटिएको हो । गत १९ बैशाखमा हेटौंडा उपमहनागरपालिका १६ स्थित गैरीगाउँ माछापालन गरिएको फाँटमा जमिनमा भासिएर ना ४ च ४८३३ नम्बरको बोलेरो गाडी हराएको थियो । मंगलबार अपरान्ह गाडीको च्यासिस फेला परेपछि निकाल्न कोशिस भइरहेको हो । गत १९ बैशाखमा गैरीगाउँ माछापालन क्षेत्रमा माछा बोक्ने बलेरो गाडी अनलोड गर्ने क्रममा जमिन भासिएर पुरिएको थियो । लगातार ३ दिनसम्म खोजी गर्दा गाडी नभेटिएपछि हेटौंडा उपमहानगरपालिकाको समन्वयमा गत २३ वैशाखमा भूगर्भविद् झिकाएर उक्त क्षेत्रको अध्ययन समेत गरिएको थियो ।

खानी तथा भूगर्भ विभागका विज्ञ मार्फत अध्ययन गर्दा बोरिङका कारण जमिन भासिएर गाडी हराएको निष्कर्ष सहितको प्रतिवेदन आएको थियो । सोही अनुसार विभागबाट पुन: २ जेठमा भूगर्भविदको टोली खटिएर माटो अनुसन्धान तथा परीक्षणका लागि नमुना सङ्कलन गरिएको थियो । माटो परीक्षणको रिपोर्ट र भूगर्भविदको प्रतिवेदनको आधारमा ६ जेठ मंगलबार गाडी भासिएको स्थानमा जेसीबी प्रयोग गरेर गाडी निकाल्ने कोशिस भइरहेको हो ।

सो स्थानमा उत्खनन गरी सवारी साधन खोजी गर्न सकिने रिपोर्ट तथा सतर्कता अपनाई उत्खनन् गरी सवारी साधन खोज तलास गर्न सकिने स्थानीय जनपतिनिधिलाई दिइएको सुझाव अनुसार हेटौंडा उपमहानगरपालिका १६ नम्बर वडाध्यक्ष रामकृष्ण कोइरालाको सक्रियतामा जेसीबी प्रयोग गरि गाडी निकाल्न कोशिस गरिएको हो ।

थाहाले जित्यो पालिकास्तरीय महिला भलिबलको उपाधी



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर हेटौंडामा भएको तेस्रो संस्करणको पालिकास्तरीय महिला भलिबल प्रतियोगिताको उपाधि थाहा नगर पालिकाले हात पारेको छ ।

मंगलबार भएको फाइनलमा थाहाले हेटौंडा उपमहानगरको टिमलाई २५-२०, ३०-२८ र २५-१९ को सोझो सेटमा हराउँदै प्रतियोगिताको विजेता बन्यो ।

प्रतियोगिताको विजेतासँगै थाहाले १ लाख रूपैयाँ हात पार्यो । उपविजेता हेटौंडाले ८० हजारमा चित्त बुझायो । यसैगरी सेमिफाइनल प्रवेश गरेका भीमफेदी र बकैया गाउँपालिकाको टिमले ३०/३० हजार रूपैयाँ प्राप्त गरे । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी थाहाकी गंगा गुरूङ घोषित भइन् । यस्तै उत्कृष्ट स्पाइकर हेटौंडाकी नेहा चौधरी, डिफेण्डर हेटौंडाकै आइसा सिं दनुवार, ब्लकर भीमफेदीकी तुलसा चौधरी, सेटर थाहाकी लक्ष्मी बलामी र उत्कृष्ट प्रशिक्षक थाहाकै किरण गिरी घोषित भए । उदयीमान खेलाडी हेटौंडाकी अप्सना उप्रेती भइन् ।

सर्वोत्कृष्ट खेलाडी गुरूङले ७ हजार र अन्य विधागत उत्कृष्टले जनही ४/४ हजार रूपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरे ।

मंगलबार भएको पहिलो सेमीफाइनल खेलमा भीमफेदी गाउँपालिकालाई ३-१ सेटले पराजित गर्दै हेटौंडा फाइनल प्रवेश गरेको हो । हेटौंडाले भीमफेदीलाई २६-२४, २२-२५, २५-१८ र २५-२१ ले पराजित गरेको थियो ।

यस्तै दोस्रो सेमीफाइनल खेलमा थाहा नगरपालिकाले बकैया गाउँपालिकालाई सोझो सेटमा पराजित गरेको छ । थाहाले बकैयालाई २५-१३, २५-१७ र २५-१८ को सेटमा हराएको थियो ।

हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोग, मकवानपुर जिल्ला भलिबल संघ र केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानको संयुक्त आयोजनामा भएको प्रतियोगितामा मकवानपुरका ७ वटा पालिकाको सहभागिता रहेको थियो ।

केशवलाल प्रतिष्ठानका अध्यक्ष प्रताव विष्ट, हेटौंडा उपमहानगरपालिकाकी मेयर मीना कुमारी लामा लगायतले विजेता उपविजेतालाई पुरस्कार वितरण गरे ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

घटना भएको ३५ दिन भित्र सम्बन्धित वडामा घटना दर्ताको गर्नको लागि सबैलाई अनुरोध छ ।

कैलाश गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय मकवानपुर

हेटौंडामा 'नेशनल गोल्ड कप' फ्री फायर प्रतियोगिता



○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा नेशनल गोल्ड कप सिजन १ फ्री फायर खेलको प्रतियोगिता हुने भएको छ।

हेटौडाबाट प्रशारण हुने नेशनल गोल्ड टेलिमिजनको आयोजनामा उक्त प्रतियोगिता हुदैँछ ।

"खेल अब शारीरिक मात्र नभई मानसिक र प्रविधिको संयोजनमा आधारित हुनुपर्छ" भन्ने मूल नाराका साथ हुने प्रतियोगिताको मुख्य प्रायोजन हेटौडा स्कुल अफ म्यानेजमेन्टको रहने छ ।

बागमती प्रदेश खेलकुद विकास परिषदको सहकार्यमा आयोजना हुन लागेको प्रतियोगिता बुधबारबाट औपचारिक रुपमा सुरू भएको छ । प्रतियोगिताको फाइनल १७ जेठमा आयोजना गरिने आयोजक संस्था नेशनल गोल्ड टेलिमिजनका अध्यक्ष उज्वल चौलागाँईले जानकारी दिए ।

१ लाख रूपैयाँ पुरस्कार रहेको प्रतियोगिता नेपालकै ठूला ई स्पोर्ट्स प्रतियोगितामध्ये एक हुने उनको दावी छ। मकवानपुर जिल्लामा यति ठूलो पुरस्कार र राशिसहितको ई'स्पोर्ट्स प्रतियोगिता पहिलोपटक आयोजना हुन लागेको हो।

प्रतियोगितामा देशभरिबाट १६ वर्ष उमेर पुरा गरेका युवाहरुले अनलाइन गुगल फर्ममार्फत निशुल्क दर्ता गरेका छन्। ६ जेठसम्म खुल्ला गरिएको आवेदनमा १ हजार वटा टोलीको सहभागिता रहेको छ।

प्रत्येक टोलीमा एकजना ब्याकअप खेलाडीसहित ५ जना खेलाडीको सहभागिता रहने उनले जानकारी दिए ।

सुरूका चरणका खेलहरु अनलाइन माध्यमबाट हुने भए तापनि क्वार्टर फाइनल, सेमिफाइनल र फाइनल खेलहरु भने हेटौडाको हिमालयन दरबार पार्टी प्यालेसमा आयोजना गरिने छन् ।

प्रतियोगितामा एक पटकमा १२ टोलीका ४८ जना खेलाडीहरुले प्रतिस्पर्धा गर्ने छन्। विशेषत: युवा पुस्तामा अत्यधिक लोकप्रिय रहेको फ्री फायरलाई आधार बनाएर यो प्रतियोगिता आयोजना गरिएको हो ।

आगामी संस्करण, सिजन २ बाट फुटबल लगायतका खेलहरुको प्रतियोगिता पनि समावेश गरिने आयोजकले जनाएको छ । यस्ता प्रतियोगिताले नेपाली ईस्पोर्ट्स क्षेत्रमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ। हेटौडा सिटी कलेज, जे एन्ड बी वारिष्ठा एकेडेमी, होटल वासुकला, होटल सुर्यान्स, ई स्पोर्ट कन्सल्टेन्सीले सह प्रायोजन गरेका प्रतियोगिताको प्रत्यक्ष प्रशारण नेशनल गोल्ड टेलिमिजन, टेलिमिजनको आधिकारिक युट्युब च्यानल, फेसबुक पेजमार्फत गरिने आयोजकले जनाएको छ ।

२४ जेठबाट हेटौंडामा जिल्लास्तरीय फुलकन्द्याक्ट कराँते प्रतियोगिता



○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा जिल्लास्तरीय फुलकन्द्याक्ट कराँते प्रतियोगिता हुने भएको छ ।

आगामी २४ जेठमा पहिलो संस्करणको जिल्लास्तरीय प्रतियोगिता हुन लागेको हो ।

मकवानपुर जिल्ला क्योकुशिन कराँते संघ (बालकुमारी आइकेओ) युनियनको आयोजनामा हेटौंडा ४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा जिल्लास्तरीय फुलकन्द्याक्स कराँते प्रतियोगिता हुने संघका केन्द्रीय उपाध्यक्ष तथा जिल्लाका मुख्य प्रशिक्षक विष्णु श्रेष्ठले जानकारी दिए ।

'प्रतियोगिताको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने लक्ष्य छ' उनले भने । युवा जनशक्तिको उत्पादन गर्न, मानसिक रूपमा स्वस्थ बनाउन र जिल्लामा खेलको विकास गर्नका लागि संघले पहिलो पटक प्रतियोगिताको आयोजना गर्न लागेको प्रशिक्षक श्रेष्ठले बताए ।

प्रतियोगितामा प्रथम,द्वितीय र तृतीय हुने खेलाडीले क्रमश: स्वर्ण, रजत र काँस्यपदक सहित प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, महिला र पुरूषतर्फको एक/एक जना उत्कृष्ट खेलाडीलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ । प्रतियोगितामा ११ वर्षदेखि २५ उमेर समूहका खेलाडीहरूले सहभागी हुन पाउने उनले जानकारी दिए ।

संघका प्रशिक्षक सुमन कर्मचार्यको संयोजनमा हुने प्रतियोगितमा महिलातर्फ ४ वटा विधामा र पुरूषतर्फ ५ वटा विधामा प्रतिस्पर्धा हुनेछ । पुरूषतर्फ ३० केजी, ३५ केजी, ४० केजी, ४५ केजी र ५० केजी तौल समूहका खेलाडीहरूको सहभागिता रहने छ भने महिलातर्फ ३५ केजी, ४० केजी, ४५ केजी र ५० केजी तौल समूहका खेलाडीहरूको सहभागिता रहने छ ।

मकवानपुरको हेटौंडा उपमहानगरसहित मनहरी गाउँपालिका, बागमती गाउँपालिका र थाहा नगर पालिकाबाट महिला तथा पुरूष गरी करिब १ सय ५० जना खेलाडीहरूको प्रतियोगितामा सहभागिता रहने आयोजकले अनुमान गरेको छ ।

प्रतियोगितामा सहभागी हुने खेलाडीहरूका लागि खाजा र खानाको व्यवस्था आयोजकले गर्ने उनले जानकारी दिए ।

प्रतियोगिताको लागि करिब ३ लाख रूपैयाँ लाग्ने अनुमान आयोजकले गरेको छ । प्रतियोगिता आयोजनाका लागि हेटौंडा उपमहानगरपालिकासँग सहयोगको लागि प्रस्ताव पेश गरिएको बताइएको छ ।

जनहितमा जारी सन्देश

- सवारी चालक अनुमति पत्र भएकाले मात्र सवारी चलाऔं ।
- तोकिएको अवधि भित्र सवारी चालक अनुमति पत्र तथा सवारी दर्ता प्रमाण-पत्र नविकरण र सवारीकर बुझाई जरिवानाबाट बचौं ।
- भारवहन क्षमता भन्दा बढी वजन / सिट संख्या भन्दा बढी यात्रु राखी सवारी नचलाऔं
- सार्वजनिक सवारीले जाँचपास तथा मार्ग इजाजत पत्र लिएर मात्र सवारी चलाऔं ।
- सवारी सँग सम्बन्धित आवश्यक कागजात साथैमा राखौ ।

नेपाल सरकार
बागमती प्रदेश
श्रम तथा यातायात मन्त्रालय
हेटौंडा, मकवानपुर

मानव बेचबिखनजन्य कार्यहरु

- मानिसलाई भुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानूनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद विक्रि गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड